फ्याक्स :०८६-४४०१३३
फोन :०८६४४०११०

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रोल्पा

प.सं.-०७८/०७९
च.नं. :- 959

मिति : २०७८।०४।२५

## रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश

विश्वव्यापी रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) को कारण हाल यस जिल्लामा संक्रमणको अवस्था अझै रहेकोले संक्रमणको जोखिम रोक्न (Chain Break) का लागि यस अघिका आदेशबाट मिति २०७८।०४।२५ गते सोमबार राति १२:०० बजे सम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा कोभिड-१९ संङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा (४) र (५) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०४।२५ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को विस्तारित बैठकको निर्णय समेतका आधारमा केही थप निर्णय गर्नु पर्ने भएमा तत्काल बैठक बस्ने गरी मिति २०७८ साल श्रावण २५ गते सोमबार राती १२:०० बजे देखि अर्को सूचना जारी नभए सम्मका लागि रोल्ला जिल्ला भर निषेधाज्ञा थप गरी तपसिल बमोजिमको आदेश जारी गरिएको छ ।

तपसिल:-

१. रोल्पा जिल्ला भित्रका विभिन्न गाउँपालिका तथा नगरपालिका अन्तर्गतका विद्यालयहरुले भौतिकरुपमा विद्यार्थी उपस्थित गराई पठन पाठन शुरु गरेको भन्ने सुन्नमा आएकोले अविलम्ब भौतिक रुपमा उपस्थित भई विद्यालय संचालनमा रोक लगाउने ।

२. कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्नको लागि प्रत्येक गाउँपालिका तथा नगरपालिकाहरुले आ-आफ्नो क्षेत्रमा जनचेतनाको लागि **'तपाईको मास्क खोई ?'** कार्यक्रम संचालन गर्न अनुरोध गर्ने ।

३. संचालन गर्न नपाइने सेवा र कार्यहरु सम्बन्धमा:-

- सबै प्रकारका सभा, जुलुस, धर्ना, सम्मेलन, दोहोरी नाचघर, क्लव, मनोरञ्जन स्थल, हेल्थक्लव, कबर्ड हल, फुटसल, जिमखाना, दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य कुनै पनि प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न पाइने छैन ।
- विश्व विद्यालय, स्कूल तथा शिक्षालयहरु भौतिक रुपमा उपस्थित भै संचालन गर्न नपाइने तर Online Class संचालन गर्न कुनै बाधा पर्ने छैन ।
- कुनै मेला महोत्सव तथा भिडभाड हुने गरी भोजभतेर गर्न पाइने छैन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रोल्पा

४. सञ्चालन गर्न पाईने सेवा र कार्यहरु सम्बन्धमाः-

- स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालना गर्ने गरी सम्पूर्ण पसलहरु खुल्ला गर्ने ।
- होटल एवं रेष्टुरेन्टहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको परिपालना गरी सेवा सुचारु गर्ने तथा होटल एवं लजहरुले कूल क्षमताको ५० प्रतिशत मात्र क्षमताको उपभोग (Occupancy) हुने गरी सेवाग्राहीलाई राख्ने व्यवस्था मिलाउने ।
- विवाह तथा ब्रतवन्धको हकमा बढीमा २५ जना सम्म सहभागी हुने गरी स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थान अथवा पार्टी प्यालेसमा अरु कार्यक्रम गर्न सहजीकरण गर्ने ।
- त्रिभुवन विश्व विद्यालय लगायत अन्य विश्व विद्यालय तथा लोक सेवा आयोगले संचालन गर्ने सबै प्रकारका परीक्षाहरुलाई स्वास्थ्य मापदण्ड अपनाई संचालन गर्न सहजीकरण गर्ने ।

५. सार्वजनिक यातायात संचालन सम्बन्धमाः-

- नेपाल सरकार, गृहमन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३७ मिति २०७८।०४।०५ गतेको पत्रानुसार त्रिभुवन विश्वविद्यालय तथा लोकसेवा आयोगको परीक्षा संचालन हुने भएकोले परीक्षार्थीको आवागमनलाई समेत दृष्टिगत गरी जनस्वास्थयका मापदण्डको पूर्ण पालना हुने गरी मध्यम तथा लामो दूरीका सार्वजनिक यातायात संचालन गर्न आवश्यक सहजीकरण गर्न लेखि आएकोले सो अनुसार गर्ने निर्णय गरियो ।
- रोल्पा जिल्लाबाट काठमाण्डौ लगायतका लामो तथा छोटो दूरीमा संचालन हुने रात्री तथा दिवा सेवाका सार्वजनिक यातायातहरुलाई संचालन गर्न सहजीकरण गरिने । उक्त गाडीमा मास्क अनिवार्य लगाउनु पर्ने, सेनिटाइजर अनिवार्य राख्नु पर्ने, सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाइने, साविककै भाडा दर कायम गर्नु पर्ने, भाडा दर स्पष्ट टाँस गर्नु पर्ने साथै सम्पूर्ण स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने छ ।

६. कार्यालय तथा बैंक संचालन सम्बन्धमाः-

सार्वजनिक सेवा प्रवाह गर्ने तथा विकास निर्माणका कार्य गर्ने सबै सरकारी, अर्ध सरकारी संघ संस्थाका कार्यालयहरु एवं बैंक तथा वित्तिय संस्थाहरुबाट प्रवाह हुने सबै प्रकारका सेवाहरु स्वास्थ्य मापदण्डहरुको पालना हुने व्यवस्था मिलाई सबै प्रकारको सेवा प्रवाह पूर्ववत रुपमा नियमित संचालन गर्ने ।

७. सर्वसाधारणको लागि आवत जावत गर्ने सम्बन्धमाः-

सर्वसाधारण व्यक्तिहरु आवत जावतको लागि घरबाट बाहिर निस्किदा दुई व्यक्ति वीचमा २ मीटरको भौतिक दूरी कायम राख्ने । अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने ।

८. हाल चालु रहेको निषेधाज्ञालाई थप प्रभावकारी बनाउन स्वास्थ्य मापदण्ड अपनाई सबैलाई पालना गर्न लगाउने ।

प्रमुख जिल्ला अधिकारी

९. यस जिल्ला भित्र अन्यत्र जिल्ला वा छिमेकी मुलुक भारत गई फर्कने व्यक्तिहरु अथवा संक्रमित व्यक्तिहरुबाट आएका व्यक्तिहरुले अनिवार्यरुपमा १० दिनसम्म स्थानीय तहले निर्माण गरेका आइसोलेसन सेन्टर/होमक्वारेन्टाइनमा बस्नु पर्ने । आइसोलेसन सेन्टर वा होमक्वारेन्टाइनमा उक्त व्यक्तिहरु बसे नबसेको अनुगमन सम्बन्धित स्थानीय तहको प्रमुखले गर्ने । त्यस्ता आइसोलेसन सेन्टर/होमक्वारेन्टाइनमा रहेका विरामीहरुको स्वास्थ्य अवस्थाबारे नियमित रुपमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा पठाउने ।

यस निषेधाज्ञाको बर्खिलाप गरेको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २१ तथा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ बमोजिम दण्ड जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ।

२०७८/५/२५

..............................
नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी